# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

## भाषालोक

## (अनुसन्धानमूलक पत्रिका) २०८२

भाषा आयोगले गत वर्षझैं यस आ.व. २०८२/०८३ मा भाषालोक (अनुसन्धानमूलक पत्रिका) शीर्षकको प्राज्ञिक प्रकाशन गर्ने कार्यक्रम रहेकाले सम्वन्धित विज्ञ, विद्वान्, अध्येता, अनुसन्धानकर्ता लेखकहरूबाट देहाय बमोजिमका आधारमा लेख रचना उपलब्ध गराउन अनुरोध छ।

**१. लेख रचनाका शर्तहरू देहायबमोजिम हुनेछन् :**

क) लेखक परिचय (१५० शब्दमा) र लेखकको पासपोर्ट साइजको फोटो।

ख) लेख रचना २५०० देखि बढीमा ३५०० शब्द सम्मको हुनुपर्नेछ।

ग) लेख रचना देवनागरी लिपिका लागि Kalimati Font Size 12 मा र अङ्ग्रेजी भाषामा New Times Roman Font Size 12 मा तथा अन्य मातृभाषाका लिपिहरूको हकमा सोही साइज अनुसार हुनेगरी पठाउनुपर्नेछ।

घ) लेखकले आफ्नो लेख रचनामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कुराहरु :

- आलेख सार (शब्दकुञ्जी समेत १५० देखि २०० शब्दमा)
- परिचय
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्री

ङ) सन्दर्भ सूची तथा उद्धरण APA 7th edition Format मा हुनुपर्ने।

च) आग्रह/पूर्वाग्रह रहित प्राज्ञिक लेख हुनुपर्ने।

छ) लेख/रचना पठाउँदा Soft/Digital Copy (Hard Copy सहित) इमेल गरिएको हुनुपर्दछ।

ज) लेख अन्यत्र प्रकाशित नभएको हुनुपर्ने।

झ) लेख रचना स्वीकृत/प्रकाशन गर्ने नगर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार भाषा आयोगको सम्पादक मण्डलमा रहनेछ।

ञ) आयोगमा प्राप्त लेख/रचना प्राथमिकताका आधारमा प्रकाशन गरिनेछ। यस भाषालोक (अनुसन्धानमूलक पत्रिका) मा प्रकाशित लेख/रचना आयोगलाई जानकारी नदिई अन्य पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन।

ट) लेख/रचना पठाउन भाषा आयोग शङ्खमूल, काठमाडौंको फोन नं. ०१-५२४२२३३/५२४२०४६/५२४२२३१ मा सम्पर्क गरी वा इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउन सकिनेछ।

ठ) अन्यत्र प्रकाशित भइसकेका लेख/रचना प्रकाशन गरिने छैन।

ड) प्रकाशित लेखबापत तोकिएबमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

ढ) NEPJOLL मा सूचीकृत गरिने हुँदा Peer review हुनेछ।

**२. समय तालिका**

क) लेख/रचना प्राप्त गर्ने समयसीमा: २०८२ मंसिरको पहिलो हप्तासम्म। म्यादभित्र नआएका लेख/रचना प्रकाशन गरिने छैन।

ख) पुनरावलोकन, सम्पादन र लेख स्वीकृत मितिः २०८२ मंसिर मसान्तदेखि पुषको पहिलो हप्तासम्म।

ग) लेख स्वीकृत हुने मितिः २०८२ पुष मसान्तभित्र।

घ) भाषालोक (अनुसन्धानमूलक पत्रिका) प्रकाशन: २०८२ माघ मसान्तसम्म।

**(नोट : लेखका लागि विषयक्षेत्र आयोगको वेबसाइट https://languagecommission.gov.np बाट डाउनलोड गर्न सकिनेछ।)**

CamScanner